# उपभोक्ता सचेतना, गोष्ठी/अन्तर्क्रिया कार्यक्रम सञ्चालन (कार्यविधि) , २०७९

## नेपाल दूरसञ्चार प्राधिकरण

जमल, काठमाडौं

प्राधिकरणवाट सञ्चालन गरिने विभिन्न किसिमका सचेतना कार्यक्रम, गोष्ठी, सेमिनारलाई एक रुपता कायम गरी व्यवस्थित र पारदर्शि रुपले कार्यान्वयन गर्नका लागि व्यवस्थापनबाट यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम " उपभोक्ता सचेतना, गोष्ठी/अन्तर्क्रिया कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा:

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "उपभोक्ता" भन्नाले दूरसञ्चार सेवाका प्रयोगकर्ता सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने उपभोक्ता सचेतना, गोष्ठी/अन्तर्क्रिया कार्यक्रम सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले उपभोक्ता सचेतना, गोष्ठी/अन्तर्क्रिया कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले दूरसञ्चार नियमावली, २०५४ सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची -४ बमोजिमका प्रदेश सम्झनु पर्छ ।

(छ) "प्राधिकरण" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण सम्झनु पर्छ ।

## परिच्छेद - २

## कार्यक्षेत्र र कार्यक्रम

३. **<u>कार्यक्रमको कार्यक्षेत्र:</u>** ऐन तथा नियमावलीले निर्दिष्ट गरेको उद्देश्य हासिल गर्ने गरी कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय तहका लक्षित समुदाय/वर्गसम्म सञ्चालन हुनेछ ।

४. **<u>कार्यक्रम सञ्चालन गर्ने निकाय:</u>** देहायका निकायहरुबाट कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(क) प्राधिकरणका निर्देशनालय/महाशाखा/शाखा ।

(ख) उपभोक्ता अधिकार संघ /संस्था /सरकारी/गैरसरकारी/सामाजिक/नीजि संघ/संस्था ।

५. **<u>सञ्चालन गरिने कार्यक्रम:</u>** बुंदा नं. (४) बमोजिमको निकायबाट देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिनेछः

(क) प्राधिकरणका निर्देशनालय/महाशाखा/शाखाबाट सञ्चालन गरिने कार्यक्रमः

(१) सन्देशमुलक सामग्री निर्माण गरी राष्ट्रियस्तरका टेलिभिजन च्यानल, रेडियो, एफ.एम. पत्रपत्रिका आदिबाट प्रसारण गर्ने गराउने,

(२) उपभोक्ता जागरण/सरोकारवालासंग छलफल, अन्तरक्रिया, अनुशिक्षण एबं अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गराउने,

(३) सरोकारवालाहरुलाई उपभोक्ता जागरण, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने गराउने, विद्यालय तथा विश्वविद्यालयहरुसँगको सहकार्य, समन्वय र साझेदारीमा विद्यार्थीहरुलाई सिकाई/प्रशिक्षण कक्षा सञ्चालन गर्ने गराउने ।

(४) प्रविधिको प्रयोगले जेष्ठ नागरिकको जीवन यापनमा सहयोग पुर्‍याउने कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(ख) उपभोक्ता अधिकार संघ / संस्था / सरकारी/गैरसरकारी / सामाजिक /निजि संघ /संस्थाको समन्वयमा सञ्चालन गर्न सकिने कार्यक्रमः

(१) विद्यालय तहसम्म उपभोक्ता जागरण/ प्रविधिको सदुपयोग, साइबर अपराध, सुरक्षित इन्टरनेटको प्रयोग जस्ता कक्षा सञ्चालन गर्न गराउने,

(२) स्थानीय स्तरमा दूरसञ्चार सेवा, सुबिधा सोबाट पर्ने प्रभाव तथा पालना गर्नुपर्ने नियम तथा यसबाट पर्न सक्ने नकारात्मक प्रभाव जस्ता बिषयहरुमा जागरणमूलक छलफल, अन्तर्क्रिया, तालिम सञ्चालन गर्ने गराउने, कार्यक्रम

६. **कार्यक्रम सञ्चालन विधिः** (१) प्राधिकरणका महाशाखाले स्वीकृत बार्षिक कार्यक्रम बमोजिम कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) बुंदा नं (१) बमोजिम कार्ययोजना बनाउदा कार्यक्रम गर्ने समय, स्थान, लागत, सहभागिता र जिम्मेवार पदधिकारी समेत तोक्नु पर्नेछ ।

(३) सन्देशमुलक सामग्री निर्माण गरी राष्ट्रियस्तर, प्रदेशस्तर र स्थानीय तहका टेलिभिजन च्यानल, रेडियो, एफ.एम, पत्रपत्रिका आदिबाट प्रसारण/प्रकाशन गर्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(४) उपभोक्ता अधिकारकर्मी/सरकारी/गैरसरकारी/सामाजिक/नीजि संघ/संस्था मार्फत सञ्चालन गरिने कार्यक्रमहरुका लागि त्यस्ता संस्थाको जनशक्ति, कार्यक्रममा प्रस्तुतिकरण गर्ने श्रोत ब्यक्तिको योग्यता, कार्यक्रममा लाग्ने खर्चमा त्यस्तो संस्थाबाट व्यहोर्ने खर्चको हिस्सा जस्ता बिषयहरुलाई छनौटको मुख्य आधारका रुपमा लिनु पर्नेछ ।

(५) उपभोक्ता अधिकारकर्मी/सरकारी/गैरसरकारी/सामाजिक/ नीजि संघ/संस्थाले कार्यक्रम सञ्चालन गर्दा सो कार्यक्रममा हुने सहभागिताका विषयमा कार्ययोजना निर्माण गर्दा नै निश्चित गर्नु पर्नेछ ।

(६) कार्यक्रम सञ्चालनको लागि महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र तराईका जिल्लाहरुमा न्यूनतम १०० जना र कठिन भौगोलिक स्थानहरुमा न्यूनतम ५० जनाको सहभागिता हुनु पर्नेछ । यदि विज्ञहरु समाबेश गरी गरिने छलफलमा यो व्यवस्था लागु हुने छैन ।

## परिच्छेद -३

## उपभोक्ता अधिकारकर्मी/सामाजिक/नीजि संघ/संस्था छनौट र बजेट सम्बन्धी व्यवस्था

७. **छनौट सम्बन्धी आवश्यक शर्त:** कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता अधिकार/सामाजिक/नीजि संघ/संस्थाले देहायको शर्त पुरा गरेको हुनु पर्नेछ:

(क) प्रचलित कानून बमोजिम संस्था दर्ता र नवीकरण भएको,

(ख) पछिल्लो तिन वर्षको वासलात,

(ग) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण गरी कर चुक्ता गरेको प्रमाणपत्र,

(घ) उपभोक्ता हक हित र अधिकार वा दूरसञ्चार क्षेत्रमा कम्तीमा एक वर्ष कार्य गरेको,

(ङ) स्थायी लेखा नम्बर(PAN), मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,

(च) सम्पर्क व्यक्तिको नाम, ठेगाना, सम्पर्क न.

(छ) कुनै कानूनले कसूरदार नठहरिएको भनि स्वघोषणा पत्र पेश गरेको,

८. **प्रस्ताव पेश गर्नुपर्ने:** (१) कार्यक्रम सञ्चालनको लागि प्राधिकरणले पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ ।

(२) उपभोक्ता अधिकार संघ /संस्था /सरकारी/गैरसरकारी/सामाजिक/नीजि संघ/संस्थाले प्राधिकरणमा अनुसूची -१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) बुँदा नं (१) र (२) का अतिरिक्त प्राधिकरणमा सूचिकृत संघ/संस्थाले कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताब माग गरिएमा प्रस्ताब पेश गर्ने संघ/संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

९. **कार्यक्रम सम्बन्धी प्रस्ताव छनौट:** (१) बुँदा नं (८) बमोजिम प्राप्त हुन आएका प्रस्तावको मूल्यांकन गरी छनौट गरिनेछ ।

(२) बुँदा नं (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गरी छनौटका लागि सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछ ।

(क) अध्यक्षले तोकेको महाशाखा प्रमुख - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य सचिव

(३) प्राप्त प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने अधिकार प्राधिकरणमा रहनेछ ।

१०. **<u>प्रतिवेदन पेश गर्ने र कार्यान्वयन गर्ने :</u>** (१) कार्यक्रम सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र अनुसूची २ बमोजिम प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) बुंदा नं (१) बमोजिमको प्रतिवेदनका अतिरिक्त थप बिबरण आबश्यक पर्ने भएमा सम्झौताका समयमा तोकिनेछ र त्यसरी तोकिएको अबस्थामा उक्त बिषयहरु प्रतिवेदनमा समाबेश भएको हुनु पर्नेछ ।

(३) प्रतिवेदनको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ |

(४) प्रतिवेदनको कार्यान्वयन गर्न कुनै नीतिगत समस्या रहेको अबस्थामा सो को व्यहोरा खुलाई प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ |

११. **<u>कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून तथा निर्देशनको पालना गर्नु पर्ने:</u>** (१) यस कार्यबिधिमा लेखिएको जति सोही बमोजिम र सो बाहेक नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

(२) कार्यक्रम सञ्चालनको सम्बन्धमा गरिने सम्झौतामा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्नु पर्ने छ ।

## परिच्छेद – ४

## आचारसंहिता सम्बन्धी व्यवस्था

१२. **<u>प्राधिकरणका कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता:</u>** प्राधिकरणका कर्मचारीले देहाय बमोजिम आचार संहिता पालना गर्नु पर्नेछ:

(क) स्वच्छ तथा पारदर्शीरुपमा कुनै प्रभावमा नपरी उपभोक्ता अधिकार संघ /संस्था /सरकारी/गैरसरकारी/सामाजिक/नीजि संघ/संस्था छनौट गर्नुपर्ने,

(ख) निर्धारित मिति र समयमा कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

(ग) कार्यक्रमको उपलब्धी सहितको प्रतिवेदन संलग्न/तयार गरी आवश्यकता अनुसार कार्यान्वयनमा लैजान सम्बन्धित निर्देशनालय/महाशाखा/शाखा वा निकायमा पेश गर्ने |

१३. <u>उपभोक्ता अधिकार संघ/संस्था/सामाजिक/नीजि संघ/संस्थाले पालना गर्नुपर्ने आचारसंहिता:</u> उपभोक्ता अधिकार संघ /संस्था /सरकारी/गैरसरकारी/सामाजिक/नीजि संघ/संस्थाले देहाय बमोजिम आचार संहिता पालना गर्नु पर्नेछ:

(क) स्वच्छ तथा पारदर्शी रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्ने,

(ख) ऐन तथा नियमावली एबं सो अन्तर्गत बनेका निर्देशिका तथा अन्य प्रचलित कानूनको पूर्ण पालना गर्ने,

(ग) निर्धारित मिति र समयमा कार्यक्रम सञ्चालन गर्नुपर्ने,

(घ) कार्यक्रममा सहभागी गराउंदा यथासक्य समावेशी हुने तवरले गराउने,

(ङ) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा भएको सम्झौताको पूर्ण रुपमा पालाना गर्नुपर्ने,

(च) संस्थाको बार्षिक कार्यक्रम तथा प्रगति बिवरण सम्बन्धित निकायमा पेश गर्ने,

(छ) कार्यक्रम सञ्चालन गर्दा आर्थिक अनुशासन तथा मर्यादा पालन गर्ने ।

## परिच्छेद–५

## विविध

१४. <u>व्याख्या:</u> यस कार्यविधिको व्याख्या गर्ने अधिकार अध्यक्षमा निहित रहनेछ ।

१५. <u>निर्देशन दिन सक्ने:</u> यस कार्यविधिको उद्देश्य कार्यान्वयनको लागि समय समयमा अध्यक्षले निर्देशन दिन सक्नेछ र सो निर्देशन पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

१६. <u>वाधा अडकाउ फुकाउने अधिकार:</u> यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै वाधा,अडकाउ परेमा अध्यक्षले वाधा अडकाउ फुकाउन सक्नेछ ।

१७. <u>अमान्य:</u> यस कार्यविधिमा भएको कुनै प्राबधान प्रचलित कानून तथा ऐन, नियमावलीसंग बाझिन गएमा बाझिएको हदसम्म यस कार्यविधिको प्रावधान अमान्य हुनेछ ।

# अनुसूची १
## (बुंदा नं ८ सँग सम्बन्धित)
## प्रस्तावको ढाँचा

१. कार्यक्रमको नामः
२. कार्यक्रमको सञ्चालन गरिने स्थानः
३. प्रस्तावित मितिः
४. लक्षित वर्गः
५. कार्यक्रमको उद्देश्यः
६. कार्यसूचि (Agenda):
७. प्रस्ताब पेश गर्ने सस्थाको :
   (क) जनशक्ति बिबरण
   (ख) श्रोत व्यक्तिको व्यक्तिगत विबरण
   (ग) प्रस्तावित कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्चको विवरण
   (घ) प्राधिकरण र उपभोक्ता अधिकार संघ /संस्था /सरकारी/गैरसरकारी/सामाजिक संघ/संस्थाले संस्थाले व्यहोर्ने रकम र सोको प्रतिशत समेत

८. अपेक्षित उपलब्धीः

## अनुसूची २
## (बुंदा नं १० सँग सम्बन्धित)

### प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरु:-

१. कार्यक्रमको नामः
२. कार्यक्रमको उद्देश्य :
३. कार्यक्रमको सञ्चालन गरिएको स्थान र मिति:
४. श्रोत व्यक्तिको व्यक्तिगत विबरण :
५. सहभागी संख्या:
६. कार्यक्रम कार्यतालिका:
७. कार्यक्रमबाट प्राप्त उपलब्धी :
८. स्वीकृत लागत इष्टिमेट अनुरुपको कार्यक्रम खर्चको विवरण:
९. प्रतिवेदनमा संलग्न गनुपर्ने अन्य कागजातहरुः-
    (क) उपस्थिति तथा दैनिक हाजिरी बिवरण,
    (ख) स्थानीय तहमा कार्यक्रम सम्पन्न भएको स्थानीय तहबाट प्रमाणित कागजात ,
    (ग) कार्यक्रमसँग सम्बन्धित फोटोहरु,
    (घ) उपलब्ध भएसम्मका पत्रपत्रिकामा प्रकाशित समाचारको प्रतिलिपि,
    (ङ) कार्यक्रम खर्चका सम्पूर्ण विल भर्पाईको सक्कलै प्रति,
    (च) कार्यपत्रहरुको प्रतिलिपी,
    (छ) उल्लेखित सम्पूर्ण बिवरण सहितको प्रतिवेदन ।